नेपाल सरकार
# आपूर्ति मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति २०७३ साल असोज ११ गते सचिव श्री प्रेम कुमार राईज्यूको अध्यक्षतामा आपूर्ति मन्त्रालयमा द्रुत कार्य टोली (Rapid Action Team) को बैठक बसी देहाय बमोजिमको निर्णय ग-यो:

१. बडा-दशैमा घर जाने चाहने यात्रुहरुलाई सहज रुपमा सवारी साधनको टिकट उपलब्ध होस भन्नाका लागि यातायात व्यवस्था विभाग, नेपाल प्रहरी र ट्राफिक प्रहरी समेतको सहकार्यमा प्रभावकारी रुपले अनुगमन गर्ने । गलत गरिएको भेटिएमा कारबाहीका लागि नेपाल प्रहरीलाई अनुरोध गर्ने ।

२. बडा-दशैको लागि उपत्यकाबाहिरबाट ठूलो संख्यामा खसी, बोका, राँगा, भेडा, च्याङ्ग्रा लगायत चौपाया उपत्यकामा भित्रिने गर्दछन । चौपायाहरुलाई बिना अवरोध उपत्यकामा भित्र्याउने कार्यमा सहजीकरण गर्नका गृह मन्त्रालय मार्फत नेपाल प्रहरीलाई निर्देशन दिन लेखी पठाउने ।

३. चाडपर्वका बेलामा अत्याधिक प्रयोग हुने मिठाई तथा खाद्य पदार्थमा हुने मिसावट नियन्त्रणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागको संयुक्त टोलीले अनुगमन गर्ने र गलत गर्नेलाई कारबाहीका लागि सिफारिस गर्ने ।

४. चाडपर्व तथा विदाका दिनमा पनि गुणस्तरीय वस्तु र सेवा सहज रुपमा उपलब्ध गराउने व्यवस्थाका लागि निम्न अनुसारको विभागहरुमा Stand-by रहने गरी द्रुत अनुगमन टोलीको व्यवस्था मिलाउने ।

- आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग
- यातायात व्यवस्था विभाग
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
- औषधि व्यवस्थापन विभाग
- स्वास्थ्य विभाग
- पशु सेवा विभाग
- गुणस्तर तथा नापतौल विभाग

५. मुलुकभर वस्तु तथा सेवाहरु सहज रुपले उपलब्ध गराउने कार्यमा सहजीकरण गर्न र बजारमा हुने अनियमिततालाई नियन्त्रण गर्नका लागि सम्पूर्ण जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई समेत निर्देशन दिन गृह मन्त्रालय मार्फत अनुरोध गर्ने ।

दिनाङ्कः- २०७३ साल असोज १२ गते
सिंहदरबार, काठमाण्डौं

सूर्य प्रसाद श्रेष्ठ
सहसचिव